प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौँडा, मकवानपुर

प.सं.: २०७६/०७७

च.नं.:

मिति : २०७६/१०/१६

विषय : संस्था अनुमतिका लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा स्वदेश तथा विदेशस्थित शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीका लागि बागमती प्रदेश अन्तर्गत रहेका पूर्व तयारी कक्षा, भाषा शिक्षण तथा शैक्षिक परामर्श सेवा सञ्चालन गर्न चाहने संस्थाहरुले अनुमति लिनका लागि यस मन्त्रालयबाट प्रकाशित **शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका, २०७५** को अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन दिन हुन यसै सूचना मार्फत सूचित गरिएको व्यहोरा अनुरोध छ ।

पुनश्च: निवेदनको साथमा राष्ट्रिय बाणिज्य बैंकमा रहेको यस मन्त्रालयको राजश्व बैंक खाता नं. ००१०१०००१००१, कार्यालय कोड ३५०००३२०१३, राजश्व शीर्षक नं. १४२२९ मा रू. ५०००/- (अक्षरुपी पाँच हजार रुपैयाँमात्र) जम्मा गरेको राजश्व दाखिला फारामको सक्कलै अर्धकट्टी संलग्न हुनुपर्ने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिएको छ ।

२०७६/१०/१६

श्रीकृष्ण आचार्य

(अधिकृतस्तर आठौं)

सामाजिक विकास मन्त्रालयबाट हुने गरेका गतिविधि सम्बन्धमा यस मन्त्रालयको नोटिस बोर्ड सेवा १६१८-०५७-५२३८२९ मा फोन गरी जानकारी लिन सकिनेछ ।

फोन नं. ०५७-५२४८३५, ०५७-५२४८३६ फ्याक्स नं. ०५७-५२४८३६, Emali: p3mosd@gmail.com